# साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारको लागी दुग्ध उपकरण खरीदमा अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७३/०१/२८

राष्ट्रिय दुग्ध विकास वोर्डको आ.व. २०७२/७३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारको लागी दुग्ध उपकरण खरीदमा अनुदान रकम उपलब्ध गराउने सम्वन्धमा प्रस्ताव आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदनसाथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

१. अनुसूची २ अनुसारको निवेदन ।
२. अनुसूची-३ अनुसारको सिफारिस पत्र ।
३. अनुसूची-४(क) अनुसारको परियोजना प्रस्ताव ।
४. साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तारका लागि दुग्ध उद्योगहरुलाई दूध तथा दुग्ध पदार्थ विक्री केन्द्र स्थापना गर्न, दूध ढुवानी साधन खरिद गर्न तथा दुग्ध प्रशोधन कारखाना स्थापना गर्ने काममा प्रयोग गर्न सकिनेछ ।
५. यो अनुदान कार्यक्रममा ५ वटा साना तथा घरेलु दुग्ध उद्योगहरुलाई वढिमा रु २,००,०००/(अक्षरुपी दुई लाख मात्र) का दरले अनुदान रकम उपलब्ध गराईनेछ ।
६. संस्था दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
७. आवेदकले कुनै सरकारी वा गैर सरकारी निकायवाट विगत ३(तीन) आर्थिक वर्षमा रु ५०,०००/०० भन्दा माथिको कुनै पनि प्रकारको नगद/जिन्सी अनुदान प्राप्त नगरेको स्वघोषित/स्वप्रमाणित पत्र ।
८. नेपाली नागरिकता वा किसान परिचय पत्रको प्रमाणित प्रतिलिपि ।
९. वैदेशिक रोजगारवाट फर्केकाको हकमा भिसा सहितको पासपोर्टको प्रमाणित प्रतिलिपि ।
१०. कार्यक्रम संचालन गर्ने प्रतिवद्धता ।
११. दुग्ध उद्योगहरुले क्षमता विस्तारका लागि खरीद गर्न खोजिएका सामाग्रीहरुको गुणस्तर तथा परिमाण सम्वन्धी ब्रोसर वा डकुमेन्ट ।

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस वोर्डको कार्यालय हरिहरभवन, ललितपुरमा प्रस्ताव पेश गरि सक्नु पर्नेछ । साना तथा घरेलु दुग्ध उद्योगहरुको क्षमता विस्तार सम्वन्धी कार्यविधि, अनुसूची एवं विस्तृत विवरण बोर्डकोसूचना पाटी तथा website: www.nddb.gov.np मा हेर्न सक्नु हुनेछ ।

**<u>थप जानकारीको लागि सम्पर्क ठेगाना</u>**

राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहर भवन, ललितपुर ।

फोन नं. ०१–५५२५४००/५५४४७४७/५५४२७४१

## अनुसूची–२
## निवेदनको ढांचा

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास वोर्ड,
हरिहरभवन, ललितपुर ।

**विषय : अनुदानका लागि प्रस्ताव पेश गरिएको वारे ।**

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति................को राष्ट्रिय दैनिक ............मा प्रकाशित सूचना अनुसार जिल्ला............ गा.बि.स/न.पा.............. वडा नं.................टोल/गाउँ.............मा संचालित .......................... दुग्ध उत्पादक सहकारी संघ/संस्था/दुग्ध उद्योगले प्रकाशित सूचनामा उल्लेख भए अनुसारका कागजातहरु संलग्न गरि अनुदानमा दुग्ध उद्योगको क्षमता विस्तारको लागी आवश्यक सामाग्री प्राप्त गर्नका लागि अनुदान प्रस्ताव तयार गरि आवश्यक कार्यवाहीको लागी यो निवेदन पेश गरेको छु/छौं ।

**निवेदक**

प्रस्तावक संस्थाको तर्फबाटः

प्रस्तावक फार्म/संस्थाको नामः

ठेगानाः

फार्म/संस्थाको अध्यक्षको नाम

दस्तखतः

मितिः

सर्म्पक नं.:

फार्म/संस्थाको छापः

## अनुसूची-३

## जिल्ला पशु सेवा कार्यालय/डिभिजन सहकारी कार्यालयको सिफारिस पत्रको ढाँचा

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास बोर्ड,
हरिहरभवन, ललितपुर

**विषय : सिफारीस गरिएको वारे ।**

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति....................को राष्ट्रिय दैनिक...................मा प्रकाशित सूचना अनुसार जिल्ला....................गा.बि.स.........................बजार/गाउँ..................मा सन्चालित................ दुग्ध उत्पादक सहकारी संघ/संस्था/ दुग्ध उद्योगले सिफारीस पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुंदा, निम्न बमोजिम पाइएकोले सिफारिस साथ जानकारी गराईन्छ ।

**तपसिल**

१. दैनिक दूध संकलन ....................................................................लिटर

कार्यालय प्रमुख

नाम

पद

दस्तखत

कार्यालयको छाप

## अनुसूची-४(क)
## परियोजना प्रस्तावको ढाँचा

*(साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तार अनुदान कार्यक्रमका लागि)*

| | | | | |
|---|---|---|---|---|
| १. | प्रस्तावक संस्थाको नाम | | | |
| २. | ठेगाना तथा सम्पर्क नम्वर | | | |
| ३. | संस्था दर्ता नम्बर | | | |
| ४. | दर्ता भएको कार्यालय | | | |
| ५. | भ्याट/पान दर्ता नम्बर | | | |
| ६. | संस्था स्थापना मिति | | | |
| ७. | रोजगारीको अवसर<br>(कार्यरत कर्मचारीको संख्या/नाम/रोजगार प्रदान गरेको पत्र) | | | |
| ८. | उद्योगबाट लाभान्वित परिवार | | | |
| ९. | दैनिक दूध संकलन तथा कारोवार लि. | | | |
| १०. | दूध जन्य अन्य उत्पादनहरु भए नाम.... | | | |
| ११ | दुग्ध उपकरणहरु भए सोको नाम | | | |
| १२. | प्रस्ताव कार्यन्वयन हुने स्थलको ठेगाना | | | |
| १३. | बैदेशिक रोजगारवाट फर्केका जनशक्ति आवद्ध भए/नभएका (भए नाम र पासपोर्टको प्रतिलिपि) | | | |
| १४. | उद्देश्यहरु | | | |
| १५. | प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थानमा बिद्यमान भौतिक सुविधाहरु | | | |
| | सडक छ/छैन | | नजिकको बजारको नाम | |
| | कच्ची/पक्कि | | दुरी | |
| | बिजुली छ/छैन | | सदरमुकाम देखिको दुरी | |
| | पानीको ब्यवस्था | | | |
| १६. | लक्षित समुदाय तथा परिवार संख्या | | | |
| १७. | वातावरणीय पक्ष (उत्पादन हुने दूध तथा दुग्धजन्य पदार्थको शुद्धताको प्रतिवद्धता, GMP, GHP) | | | |
| १८. | अनुमानित कार्यक्रम तथा बजेट<br>क. प्रस्तावकले व्यहोर्ने रकम<br>ख. बोर्डबाट अनुदान रकम | | | |

माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु , कहिं कतै झुठो ठहरिएमा कानुन बमोजिम सजायको भागिदार बन्न तयार समेत रहेको ब्यहोरा अवगत गराउन चाहन्छु /छौं ।

| | |
|---|---|
| प्रस्तावक को नाम | |
| पद: | |
| मिति: | |

## अनुसूची-६

# सम्झौता पत्रको ढाँचा

राष्ट्रिय दुग्ध विकास बोर्डको आ.व. २०....../.... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तारका लागि अनुदान दिन पेश भएका प्रस्ताव मध्ये मिति.........................मा बसेको मूल्यांकन उप-समितीको बैठकबाट श्री.......................................(संस्थाको नाम) लाई अनुदान दिने निर्णय भएकोले राष्ट्रिय दुग्ध विकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) र ...................................................(संस्थाको नाम, ठेगाना) (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिल अनुसार सेवा र शर्त अनुसार सम्झौता गरी बुझिलियौं/दियौं ।

१. दोस्रो पक्षको प्रस्तावना अनुसार....................................(संस्था रहेको ठाउँ र जिल्ला) मा स्थापित.........................(संस्थाको न................(प्रतिनिधिको नाम) लाई साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तार गर्न प्रथम पक्षबाट रु..............(अक्षरुपी..............) अनुदान स्वरुप उपलब्ध गराईनेछ भने वांकी रकम दोश्रो पक्ष आफैंले लगानी गर्नु पर्नेछ ।

२. प्रथम पक्षवाट अनुदानमा प्राप्त गरी साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तारका खरिद गरेको मेशिनरी समाग्रीहरु जिल्ला ................गा.वि.स.......................वडा...........टोलका...................... .........
..संघ/संस्था/फार्म/दुग्ध उद्योगमा उपयोगमा ल्याइनेछ ।

३. प्रथम पक्षको परामर्श तथा सहमति अनुसार, दोश्रो पक्षले गुणस्तरीय सामानहरु खरीद गरी संस्था/फार्म/उद्योगले आम्दानी भएको दाखिला रिर्पोट प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

४. प्रथम पक्षले स्थलगत अध्ययन गरी, दोश्रो पक्षले साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तारका लागि तोकिएको मापदण्ड अनुसारका मेशिनरी समाग्रीहरु खरीद गरेको मूल्य अभिवृद्धि सहितको विल पेश गरेपछि मात्र प्रथम पक्षले भुक्तानी दिने छ ।

५. प्रथम पक्षबाट अनुदान स्वरुप उपलब्ध रकमबाट खरीद सम्पूर्ण सरसामग्रीहरुको मर्मत संभार दोस्रो पक्षले गर्नु पर्ने छ ।

६. प्रथम पक्षको अनुदानमा साना तथा घरेलु दुग्ध उद्योगको क्षमता विस्तारको लागि प्राप्त रकमवाट खरीद गरिएका सामाग्रीहरु दोश्रो पक्षले तीन वर्षसम्म अन्य कुनै पनि कृषक/संघ/संस्था/फार्म/उद्योगमा स्थानान्तरण, वेचविखन वा हस्तान्तरण गर्न पाउने छैन ।

७. दोश्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमको प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई चौमासिक रुपमा अनिवार्य उपलव्ध गराउनु पर्नेछ ।

८. दोश्रो पक्षले अनिवार्य रुपमा होर्डिङ्ग वोर्ड तथा मेशिनमा सहयोगको किसिम उल्लेख गरेर प्रथम पक्षको नाम राख्नु पर्नेछ ।

९. प्रथम पक्षका तर्फवाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम/भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

१०. प्रथम पक्षबाट कुनै पनि वेला अनुगमन गर्दा सम्झौता अनुसारको काम भए/नभएको स्थलगत जानकारी लिई काम नभएको पाईएमा दोश्रो पक्षवाट दुरुपयोग भए वरावरको रकम सरकारी वांकी सरह असुल उपर गरिनेछ ।

११. दोश्रो पक्षले अनुदान प्राप्त गरेपछि सो को जानकारी सम्वन्धित जिल्लाको सिफारिश निकाय(पशु सेवा कार्यालय/डिभिजन सहकारी कार्यालय)मा अनिवार्य रुपले गराई सो को वोधार्थ यस वोर्डमा उपलव्ध गराउनु पर्नेछ ।

१२. प्रथम पक्षले अनुदान रकम ............जिल्ला स्थित......बैंकको खाता नं.......मा जम्मा गरि जिल्ला पशु सेवा कार्यालय/डिभिजन सहकारी कार्यालयलाई अनिवार्य रुपमा जानकारी गराई सम्वन्धित कृषक/संस्थालाई जानकारी गराउनु पर्नेछ ।

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः कार्यकारी निर्देशक |
| संस्था/फार्मः | कार्यालयः रा.दु.वि.बोर्ड |

| | |
|---|---|
| दोश्रो पक्ष(साक्षी) | प्रथम पक्ष(साक्षी) |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्था/फार्मः | कार्यालयः रा.द.वि.बोर्ड |

इति सम्वत् ..................साल ................... महिना ..........गते रोज .......... शुभम ।